समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०८१/०५/०४ बैठक संख्या: ५२

बैठक प्रारम्भ समय: दिनको २:०० बजे बैठक समापन समय: बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्न आउनुभएका श्री रामदत्त भट्टलाई आजको कार्यपालिका बैठकमा कार्यसफलताको शुभकामना सहित स्वागत गरियो ।

२. नेवार समुदायले परम्परागत रुपमा मनाउँदै आएको रोपाई जात्रा पर्व यस बर्ष २०८१ भाद्र ५ गते पर्ने भएकोले उक्त दिन खाँदबारी नगरपालिका तथा मातहतका कार्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक वाहेकका अन्य सेवाप्रवाह नहुने गरी नगरक्षेत्रभित्रका संघसंस्था तथा विद्यालयहरुमा समेत स्थानीय बिदा दिने ।

३. खाँदबारी नगरपालिकाको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्सम्बन्धी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन परामर्शदाताकोतर्फबाट पेश भईसकेको हुँदा उक्त प्रतिवेदनको सम्बन्धमा अध्ययन गरी ३ दिनभित्र प्रतिवेदन पेश गर्न देहायबमोजिमको समिति गठन गर्ने ।

**देहाय:**

कार्यपालिका सदस्य श्री विमलराज गौतम - संयोजक

कार्यपालिका सदस्य श्री डम्बरबहादुर घले - सदस्य

इन्जिनियर श्री विजयकुमार खड्का - सदस्य सचिव

४. आजको कार्यपालिका बैठकमा छलफलका लागि पेश भएको खाँदबारी नगरपालिकाको भवन निर्माण सम्पन्न अभिलेखीकरणसम्बन्धी कार्यविधि, २०८१ लगायतका अन्य कार्यविधिहरु कार्यपालिका सदस्यज्यूहरुबाट बुँदागत अध्ययन पश्चात् आगामी कार्यपालिका बैठकमा छलफल गर्ने ।

५. खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई कार्यालयको कामकाजको सिलसिलामा मोटरसाइकल प्रयोग गरे वापत् मासिक रुपमा दश लिटर पेट्रोल र सवारीसाधन मर्मत वापत् बार्षिक रुपमा बढीमा रु. दश हजारसम्म उपलब्ध गराउने साथै कार्यालयको मोटरसाइकल प्रयोग गर्नेसम्बन्धी मापदण्ड तयार गरी पेश गर्न नगरकार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा लेखा प्रमुख, जिन्सी उपशाखा प्रमुख र प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख रहेको समिति गठन गर्ने ।

६. खाँदबारी नगरपालिकाको वडा कार्यालय भवनहरु निर्माण गर्दा ठेकेदार श्री सुनकोशी/हलेसी जे.भी. ले कामदार तथा सामाग्री खरिद वापत्को रकम भुक्तानी नदिएको भन्ने न्यायिक समितिमा पेश भएको उजुरी सम्बन्धमा न्यायिक समितिमार्फत प्रहरी प्रशासन समेतको सहयोगमा छलफलको लागि सम्बन्धित ब्यक्तिको घरठेगानामा पत्राचार गर्ने ।

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

रामदत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत